CHINTAN-DHARA: A Multidisciplinary Peer-ReviewedJournal
VOL-18, pp 140-157, May, 2025
ISSN: 2091-2714
DOI: https://doi.org/10.3126/cd.v18i01.89669
Tribhuvan University Teachers' Association
Campus Unit Committee, Dhankuta Multiple Campus, Dhankuta, Nepal.

# सामुदायिक विद्यालयका अस्थायी शिक्षकहरूप्रति सरोकारवालाहरुको धारणा

रमेशप्रसाद लुईटेल
ruitel36@gmai.com

## *लेखसार*

यो *अध्ययन सामुदायिक विद्यालयकाअस्थायी शिक्षकहरूप्रति सरोकारवालहरुको धारणा* भन्ने विषयमा केन्द्रित रहको छ । यो अध्ययनको मुख्य उदेश्य सामुदायिक विद्यालयका अस्थायी शिक्षकहरुप्रति सरोकारवालाहरुको धारणा पत्तालगाई शिक्षाको गुणस्तरमा त्यसले पारेको प्रभावपत्ता लगाउनु रहेको छ । यो अध्ययनकार्य सम्पन्न गर्न खासगरी द्बितिय स्रोत साधनमार्फत तथ्याङ्क सङ्कलन गरिएको छ । केहि तथ्याङ्क सम्वन्धित क्षेत्रमाआफैगई लिईएको छ। प्राप्त तथ्याङकलाई गुणात्मक हिसाबले विश्लेषण गरिएको छ । उदेश्यमुलक नमूना छनौट विधिद्धारा नमुना सङ्कलन गरि अध्ययनकार्य सम्पन्न गरिएको छ ।यस अध्ययन अनुसार शिक्षकहरूलाई लामो समयसम्मअस्थायी रूपमा राखी राख्नु पटक्कै उचित होइन सिकाइमा समन्वय गर्न र औसत सिकाइ उपलब्धी स्थायी शिक्षकको तुलनामा अस्थायी शिक्षकहरूको बढी भएको तर शिक्षकलाई लामो समयदेखि अस्थायी सेवामा संलग्न गराई राख्दा पेसाको असुरक्षाका कारण अस्थायी शिक्षकमा मनोवैज्ञानिक असर पर्ने देखिन्छ । पेसाप्रति असन्तुष्ट देखिनुको मुख्य कारण भविष्यमा यस पेसामा असुरक्षा रहेको सबैको तर्क थियो । समग्रमा विद्यार्थीहरूबाट पाएको जवाफका आधारमा अस्थायी शिक्षकले शिक्षण सिकाइमा समयको पालना, योजनानिर्माण गरि शिक्षण, विद्यार्थीमैत्रि सिकाइजस्तापक्षमा जिम्वेवार भइ शिक्षण गरेको पाइयो ।

**मुख्य शब्दावली :**पेशाप्रतिको उत्प्रेरणा, योजना आयोग, प्रतिबद्धता ।

## अध्ययनको पृष्ठभूमी

औपचारिक शिक्षाको इतिहासलाई हेर्दा नेपालमा यसको प्रारम्भ भएको धेरै लामो समय भएको छैन । पहिले पहिले नेपालको शिक्षा प्रणाली पूर्णतया धार्मिक आस्थामा आधारित अरितिक एवं अनियमित स्वरूपको थियो । प्राचिनकालदेखि नै नेपालमा अनौपचारीक शिक्षा, मठ, मन्दिर, आश्राम, गुम्बा तथा विहारहरू त्यसबेलाका विद्यालयका रूपमा स्थापित थिए भने गुरु, पुरोहित, बौद्धभिक्षुहरू शिक्षकहरूको भूमिकाको रुपमा काम गर्दथे । नेपालको शैक्षिक इतिहासको

कालक्रमलाई प्राचिनकाल, स्वदेशकाल, विरोधकाल र योजनाबद्ध विकासकालमा विभक्त गर्न सकिन्छ (श्रेष्ठ र बस्नेत, २०७५)।

लिच्छवी र मल्लकाललाई प्रचिनकाल मानिएको छ भने पृथ्वीनारायण शाहादेखि राणाशासन सुरुहुँदा सम्मको समय लाई स्वदेशी शिक्षाकाल र राणाकालको शिक्षालाई शिक्षामा विरोधीकाल मानिन्छ । वि.सं. २००७ साल देखियताको समयावधीलाई योजनाबद्ध विकासकाल मानिन्छ । वि.सं. २००७ साल पछिको समयलाई आधुनिककाल पनि भनिएको छ । नेपालमा पहिलो पटक जगंबहादुर प्रधानमन्त्री भएको पालामा वि.सं. १९१० मा दरवार स्कूलको स्थापना भएपछि औपचारिक रूपमा शिक्षाको प्रारम्भ भएको पाइन्छ । प्रारम्भमा उक्त विद्यालयमा राजा र राणा परिवारजन भन्दा बाहेकलाई शिक्षा दिइदैन थियो । जनतालाई शिक्षाको अवसर बाट वञ्चित राख्ने नियतले राणाशासन कालभरी करिव १०४ बर्ष नेपालमा शिक्षाको खासै विकासहुन पाएन यस अवधिमा ३१० प्रा.वि., ११ वटा मा.वि. र १ वटा महाविद्यालय खुल्यो र करिव २ प्रतिशत नेपालीजनता साक्षर बने। नेपालमा वि.सं. २००७ सालमा राणाशासनको अन्त्य भएपछिशिक्षाको विकास संख्यात्मक रूपमा निकै भयो । शिक्षा प्रतिको आफ्नो चाहनालाई मनभित्र कुन्ठित गरेर राखेका नेपाली जनताले जहाँनिया शासनबाट छुट्कारा पाएपछि शैक्षिक विकासमा स्वस्फूर्त रूपमा योगदान गरे । शिक्षामा भएको सङ्ख्यात्मक विकासलाई गुणात्मक विकास बनाउन गठन गरिएका ने.रा.शि.योजना आयोग २०११ ले सरकारलाई बुझाएको नेपालमा शिक्षा प्रतिवेदनले नेपालको शिक्षा प्रणालीको सुधारमा निकै टेवा पुर्‍यायो । यस प्रतिवेदनको सुझाव अनुसार वि.सं. २०१३ सालमा योग्य शिक्षकहरू उत्पादन गर्ने उद्देश्य अनुरूप शिक्षा महाविद्यालयको स्थापना र वि.सं. २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना गरियो जुन अहिले मुलुककै जेठो र एसियाको एक उत्कृष्ट विश्वविद्यालयको रुपमा चिनिन्छ (शर्मा एण्ड शर्मा, २०६०)।

ने.रा.शि.योजना आयोग २०११ को कार्यान्वयन हुँदा हुदै २०१७ को राजनैतिक परिवर्तन भयो र बहुदलिय व्यवस्थामा प्रतिबन्ध लगाई पञ्चायती ब्यवस्थाको घोषणा भयो । त्यसपछि नेपाल सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ गठन भयो । तत् पश्चात बि.स.२०२८ सालमा पञ्चायती व्यवस्थालाई टेवा पुग्ने गरी राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागु गरियो जुन नेपालको लागि उपयुक्त शिक्षा योजना मानिएको थियो तथापी २०४६ सालको राजनैतिक परिवर्तन पश्चात राष्ट्रिय शिक्षा आयोग २०४९ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ जस्ता आयोग, योजना तथा समितिहरूको गठन गरियो र तिनिहरूले आफ्नो प्रतिवेदन नेपाल सरकारलाई बुझाए ।यी प्रतिवेदनहरूमा सिफारिस भएका कतिपय कुरा कार्यान्वयन भए र कतिपय कुरा कार्यान्वयन भएनन् (लुईटेल,२०६६) ।

नेपालमा गणतन्त्रको स्थापना पश्चात शिक्षा क्षेत्रमा सुधार गर्न खोजिएको भएपनि देशको आर्थिक, भौतिक, शैक्षिक, प्रशासनिक तथा राजनैतिक लगायतका कारणले आशातित सफलता हासील

हुन सकेको छैन । यि विभिन्न समस्याहरू मध्ये शिक्षक—कर्मचारी सम्बन्धी जोडिएका समस्याहरू हालका दिनहरूमा ज्वलन्त समस्याको रूपमा देखा परेका छन् । देशको शिक्षा प्रणालीको सफलता त्यहाँ संलग्न शिक्षक कर्मचारीको कार्यकौसलता, सीप, दक्षता, क्षमता, योग्यता, लगनशीलता, इमानदारिता, धैर्यता, जोस, जाँगर, प्रतिभा तथा कुसलताको समुचित प्रयोग र परिचालनमा भर पर्छ भन्ने कुरा अकाट्य छ । विद्यालयको शिक्षालाई प्रभावकारी बनाउन शिक्षक ब्यवस्थापनमा बिषेश ध्यानदिनुपर्छ भने विद्यालयलाई ब्यवस्थित ढंगले सञ्चालनगर्न प्र.अ. को व्यवस्था गर्नु पर्दछ भने त्यसलाई परिचालन गर्न शैक्षिक व्यवस्थापक निपुर्ण हुनुपर्दछ (ढुङ्गाना २०७५)।

नेपालको सामुदायीक विद्यालयमा शिक्षकको सङ्ख्या हेर्दा विभिन्न तहमा २०७७ सालमा आइपुग्दा करिव २ लाख ३८ हजार छन् । शिक्षकहरूको यो सङ्ख्या हेर्दा शिक्षक सङ्ख्या नपुगेको कुरा शिक्षक सेवा आयोगले २०७७ को बुलेटिनमा उल्लेख गरेको छ । विद्यालयमा कार्यरत शिक्षकहरू मध्ये पनि एउटै मापदण्डका शिक्षकहरू छैनन् । जे होस शिक्षण सिकाइ वा अनुभव वा ज्ञानको आदान प्रदान गर्न प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा गुरु, शिक्षक, सहजकर्ता, सल्लाहाकार, पथप्रर्दशकका रूपमा  संलग्नता रहेको हुन्छ । औपचारिक शिक्षा प्रणालीमा शिक्षकलाई सिकाई प्रक्रियाको एक अभिन्न अंगको रूपमा स्वीकार गरिएको छ (काफ्ले, श्रेष्ठ र सिन्हा, २०६४) ।

देशमा विकासको फट्को मार्ने क्रममा जबसम्म शिक्षकको व्यवस्थापन र विकास सहि रूपमा हुदैन तवसम्म शिक्षण सिकाइ प्रक्रियामा सुधार नआउने भएकाले त्यसको व्यवस्थापन र विकासमा बढी ध्यान दिनुपर्ने हुन्छ । शिक्षकमा के सिकाउने, कसरी सिकाउने, र कहिले सिकाउने भन्ने कुराको दक्षता हुनै पर्दछ । शिक्षकहरूको नियुक्ति प्रक्रिया, तलव सुविधा, पेशागत सुरक्षा जस्ता उत्प्रेरणा जगाउने उत्पे्ररित तत्वको फरकपनले शिक्षण सिकाइ क्रियाकलापमा मनोवैज्ञानिक असर पर्न सक्दछ । शिक्षकहरूको पेशामा स्थायीपना वा अस्थायीपनाले पनि शिक्षकहरूको शिक्षण प्रतिको मनोवैज्ञानिक धारणा फरक हुन सक्छ र त्यसको प्रभाव शिक्षण सिकाइ क्रियाकलापमा पर्दछ । हुन त शिक्षक व्यवस्थापनमा केन्द्रीकृत नीति र अस्थायी शिक्षक आपूर्ति गर्न जिम्मेवारी स्थानिय निकायलाई प्रदान गरिँदा स्थानिय दबाव र राजनैतिक सोचभन्दा माथि उठेर योग्य र दक्ष व्यक्तिलाई शिक्षक भर्ना गर्न कठिन हुने गरेको कुरा शैक्षिक वृतमा चलिरहेको छ, (श्रेष्ठ, २०६५) ।

शिक्षक सेवा आयोगले २०७६ सालमा प्रकाशित गरेको लामो समय सम्म सामुदायिक विद्यालयहरुमा अस्थायी शिक्षक पदमा रही काम गर्ने शिक्षकहरू स्थायी शिक्षकको सङ्ख्या भन्दा बढी भएकोले व्यवस्थापनमा पेशागत स्थायित्वको लागि बेलाबेलामा आन्दोलन हुने, कसैले बिचमा नै पेशा छाड्ने र कतिपय शिक्षकहरूमा क्रमशः पेशाप्रति नैरास्यता आउने जस्तो कारणले उनीहरूको उत्प्रेरणमा समस्या रहेको छ । शिक्षकहरूसँग जोडिएका, जनाएको, देखिएका यस्ता समस्याहरू मध्ये एउटा प्रमुख समस्या शिक्षकहरूको किसिममा एकरूपता नहुनु हो । त्यसैको कारण उत्प्रेरणा जगाई पठनपाठनलाई प्रभावकारी तुल्याउन शिक्षक व्यवस्थापनमा वैज्ञानिकता हुनु जरुरी मात्र होइन

उनीहरूलाई उचित सम्बलन र पृष्ठपोषण दिएर उत्प्रेरित पनि बनाउनु पर्छ (कोईराला, श्रेष्ठ र शर्मा, २०७१) ।

सामुदायीक विद्यालयमा शिक्षक दरवन्दीका प्रकारमा विविधता, तलव भत्तामा विविधता, पेशागत सुरक्षामा विविधता जस्ता उत्पे्ररणा जगाउने कारक तत्वहरूको सहि उपयोग नहुदा सामुदायीक विद्यालयको शिक्षण सिकाइ प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पारेकै हुन्छ । यस्तो समस्याले नेपालका ७७ वटा जिल्लाका सबै विद्यालयहरू धेर थोर मात्रामा प्रभावित छन् । अध्ययनको क्रममा छनोट गरिएको क्षेत्रका शिक्षकहरूको उत्प्रेरणा प्रक्रियामा पनि यो समस्याबाट अछुतो छैन । यहाँपनि अन्य स्थानमा जस्तै स्थायी, अस्थायी, राहत कोटा, महिला परियोजना र निजी स्रोतका दरबन्दीमा शिक्षकहरू कार्यरत छन् । यस्ता विविध प्रकारका शिक्षकहरूको उत्पे्ररणाको स्तर पनि विविध प्रकारको देखिन्छ (श्रेष्ठ, २०८१) ।

नेपालमा भएका विद्यालयको प्रकारलाई हेर्दा शिक्षा नियमावलीले दुई प्रकारका विद्यालयहरू परिकल्पना गरेको छ ।सामुदायिक विद्यालयहरू एउटा हो जुन सरकारी मातहतमा चलेका छन भने अर्को निजी स्वामित्वमा रहेका संस्थागत विद्यालयहरू रहेका छन् । यी दुई किसिमका विद्यालयहरूमध्ये सामुदायिक विद्यालयहरूमा अधिकतम शिक्षकहरू स्थायी छन् जसको पेशागत भविष्य सुरक्षित छ भने अर्कोतिर संस्थागत विद्यालयहरूमा अनिश्चित र असुरक्षित भविश्य बोकेका शिक्षकहरू कार्यरत छन् । यदि एस.ई.ई. परीक्षालाई विश्लेषण गर्ने हो भने संस्थागत विद्यालयका असुरक्षित र अनिश्चित भविश्य बोकेका शिक्षकहरूले एस.ई.इ परीक्षामा सहभागी भएका आफ्ना विद्यार्थीहरूमध्ये ९० प्रतिशत भन्दा बढी विद्यार्थीहरूलाई समुचित ग्रेडमा उर्तीण गराउन सफल भएका देखिन्छ भने अर्कोतिर सामुदायीक विद्यालयहरूमा सो नतिजा ल्याउन नसकेको देखिन्छ ।

परीक्षाको नतिजा यस्तो हुनुको कारण के हो भन्ने समस्यामा केन्द्रित भई विभिन्न समयमा शिक्षा क्षेत्रमा थुप्रै अनुसन्धान हुने गरेका छन् । नेपालमा सामुदायिक विद्यालय भित्रै पनि दुई किसिमका शिक्षकहरू कार्यरत छन् । एकथरी पेशागत भविष्य सुरक्षित भएका स्थायी शिक्षकहरू छन् भने अर्कोथरी पेशागत भविश्यको ठेगान नभएका अस्थायी शिक्षकहरू र राहत कोटाका शिक्षकहरू कार्यरत छन् । राहतमा रहेका शिक्षकहरूको पनि पेशागत भविश्य अस्थायी शिक्षकहरूको जस्तै छन् । पेशागत भविश्य सुरक्षित तथा असुरक्षित भएकै कारणले सामुदायिक विद्यालयका शिक्षकहरूलाई नैराश्यता त पारेको छैन ? के उनिहरूलाई उत्प्रेरणाको खाँचो छ/छैन ? उनिहरू दुबैको उत्प्रेरणाको अवस्था कस्तो छ ? भन्ने जस्ता पक्षहरू केलाउनु यो लेखको को मुल मर्म रहेको छ । स्थायी र अस्थायी शिक्षकको शिक्षण सिकाइ क्रियाकलापमा उत्प्रेरणाको महत्व अध्ययनमा केन्द्रित भई हालसम्म यो बिषयमा कममात्रअनुसन्धान भएको सन्र्दभमा यस विषयमा अध्ययन गर्नु समय सापेक्ष, सान्दर्भिक र वस्तुगत देखिएकोले सामुदायिक विद्यालयका अस्थायी शिक्षकहरूप्रति

सरोकारवालाहरूको धारणा भन्ने विषयमा अध्ययन गरिएको हो । यसले सरोकारवाला सबैलाई मार्गदर्शन गराउन मद्दत पुऱ्याउने आशा लिइएको छ ।

## अध्ययनको उद्देश्य

यस अध्ययन सामुदायिक विद्यालयमा कार्यरत अस्थायी शिक्षकहरुप्रति सरोकारवालाहरुको धारणा पत्ता लगाउने रहेको छ ।

## विधि विधि सामाग्री


यो अध्ययन गुणात्मक ढाँचामा आधारित छ । यो अध्ययन धनकुटा जिल्ला भित्र रहेका तीनवटा नगरपालिकाहरू मध्ये धनकुटा नगरपालिका भित्रका वडा नं ७, ६, ३ र १ अन्तर्गत पर्ने सामुदायिक विद्यालयहरूमध्ये ४ ओटा माध्यमिक विद्यालयहरूलाई उदेश्यमुलक नमुना छनौट पद्धतिका आधारमा छनौट गरिएको छ र तिनै विद्यालयका ४ प्रधानाध्यापक, ४ विद्यालय व्यवस्थापन समितिका अध्यक्ष,८ जना शिक्षक र १ जना सम्वन्धित पालिकाका अध्यक्षलाई उद्धेश्यमुलक नमुना छनोट गरिएको थियो ।४ वटा विद्यालयका प्रति विद्यालय ४/४ जना विद्यार्थीको दरले १६ जना विद्यार्थीलाई छनोट गरिएको छ । तथ्याङ्क सङ्कलन गर्ने कार्यका लागि सम्बन्धित विद्यालयमा गएर त्यहाँ कार्यरत लक्षित जनसङ्ख्यासित अन्तर्वाता लिने, छलफल गर्ने र सम्बन्धित क्षेत्रमागई अवलोकन फारम भरिएको छ।प्रयोग गरिएका अन्तर्वातासूची र अवलोकन फारम भरी आवश्यक तथ्यहरु संकलन गरिएको छ ।

## तथ्यांक विश्लेषण विधि

यो अध्ययन गुणात्मक ढाँचामा आधारित भई सम्पन्न गरिएकाले विभिन्न साधनहरुको प्रयोग गरि लिइएकातथ्याङ्कलाई व्याख्या विष्लेषण गरि निस्कर्षमा पुगिएको छ।


## सैद्धान्तिक ढाँचा

कार्य र कार्य विश्लेषण (Job Analysis) को सम्बन्धमा Durian Pravin (2010) उल्लेख गर्छन् —




स्रोतः *Durai,2010*

त्यस्तै गरी S.P. Robbins ले Components of job design को बारेमा यस्तो धारणा राख्छन् —




*स्रोत :* Robbins 2005

Stoner, Freeman &Gilbert (2009) ले The HRM Process in organization लाई यसरी प्रस्तुत गरेका छन् —




कुनैपनि संघसंस्था संगठनमा सहि ढंगले कामगरी राम्रो नतिजा निकाल्न मानविय सम्वन्धको महत्वपूर्ण भूमिका रहन्छ । संगठनमा काम गर्ने मानिसहरु बिच असल सम्वन्ध भए सवै मिलि संगठनका लक्ष्य र उद्देश्य पुरागर्न लागि पर्छन । काममा सहजता उत्पन्न हुन्छ । एक आपसमा सहयोगको भावना उत्पन्न हुन्छ । संगठन व्यबस्थित ढंगले संचालित हुन्छ । त्यसैले मानविय सँवन्धलाई संगठनको् मुटुको रुपगा लिइन्छ । माथिकौ अध्ययनमा पनि यिनै यिनै सिद्दान्तहरुको प्रयोग गरीएको छ । जुन यो अध्ययनमा सान्दर्भिक देखिन्छ ।

## परिणाम तथा छलफल

यस अध्ययन मुख्यगरी प्राथमिक र द्बितिय स्रोतको प्रयोग गरि सम्पन्न गरिएको छ । यसका साथै कतिपय तथ्याङ्कहरु सम्वन्धित क्षेत्रमा गई सरोकारवालाहरु संग छलफलगरि,अन्तर्वातालिई पाइएका तथ्याङ्कहरूलाई गुणात्मक हिसावल व्याख्या र विश्लेषणगर्ने कार्य गरिएको छ । सम्बन्धित

विद्यालयबाट उपलब्ध तथ्याङ्कहरूमा कतिपय तथ्याङ्कलाई तालिकिकरण गरेर विश्लेषण गरिएको छ । मुख्यतः यो अध्ययन सामुदायिक विद्यालयका अस्थायी शिक्षकहरूप्रति सरोकारवालाहरूको धारणासम्बन्धी बिषयमा गरिएको हुनाले यी दुबै खालका शिक्षकहरूप्रति सम्वन्धित पालिकाका शिक्षा अधिकृत, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र विद्यार्थीहरूको अवधारण के कस्तो रहेको छ र यी दुवै खालका शिक्षकले शिक्षण गर्दा विद्यार्थीहरूको परीक्षाको नतिजामा के कस्तो अन्तर रहेको छ र यसका आधारमा नै अस्थायी शिक्षकहरु प्रति सरोकारवालाको धारणा बुझ्ने प्रयास गरिएको छ जसलाई निम्नानुसार उल्लेख गरिएको छ ।

## स्थायी र अस्थायी शिक्षकहरूको सम्बन्धमा सरोकारवालाको धारणा

यस अध्ययनको निम्ति स्थायी र अस्थायी शिक्षकहरूको सम्बन्धमा निज शिक्षकहरूको शिक्षण कार्यशैली, शिक्षणमा मिलनसारीता, विद्यालयमा नियमितता, शिक्षणमा कर्तव्य परायणता, विद्यालयका शैक्षिक एवम् अन्य गतिविधिहरूमा सक्रियता जस्ता विषयहरूमा व्यापक खोज गर्नका लागि अनुसन्धानका क्रममा धनकुटा नगरपालिकाका शिक्षा अधिकृत, नमुना छनोटमा परेका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, सम्बन्धित शिक्षक र विद्यार्थीहरू, सम्बन्धित पालिकाका अध्यक्षसँग यस अध्ययनको क्रममा अन्तरक्रिया, छलफल एवम् अन्तर्वार्ता गरिएको छ। यसरी अन्तर्वार्ता र अन्तरक्रियाबाट प्राप्त तथ्याङ्कको आधारमा यस अध्ययन गरिएको छ ।

## नगरपालिकाका शिक्षा अधिकृतको धारणा

शिक्षक सेवा आयोग समयमै नखुलिदिनाले नेपालको शैक्षिक इतिहासलाई हेर्दा रिक्त दरबन्दीहरूमा शिक्षकको पदपूर्ति गर्नका लागि अस्थायी शिक्षक नै नियुक्ति गरेर काम चलाउनुपर्ने बाध्यात्मक अवस्था छ । वर्तमान समयमा त यो अवस्थाले झन् विकराल रूप लिएको छ । सरकारले ल्याएका शिक्षा ऐन तथा नियमावली अस्थायी शिक्षक मैत्री नभएको भन्दै यिनै मुद्दालाई उठाएर प्रत्येक बर्ष अस्थायी शिक्षकहरूले विभिन्न चरणका आन्दोलनहरू सञ्चालन गरेर शैक्षिक क्रियाकलापहरू बेलामौकामा ठप्प पार्दै आएका छन् । शिक्षक सेवा आयोगले आफ्नो क्यालेण्डर अनुसार स्थायी शिक्षकको विज्ञापन गर्न नसक्दा कतिपय शिक्षकहरू त लामो समयदेखि अस्थायी सेवाको रूपमा सेवा गर्दै आएका छन् । यसरी लामो समयदेखि अस्थायी सेवामा संलग्न गराई राख्नु कत्तिको उपयुक्त कुरा हो र यसले शिक्षण क्रियाकलापमा के कस्ता किसिमका प्रभावहरू पर्न सक्छन् भन्ने विषयमो शिक्षा अधिकृतलाई सोधिएको प्रश्नमा शिक्षा अधिकृतको प्रतिक्रिया निम्न रहेको पाइयो ।

*शिक्षकहरूलाई लामो समयसम्म अस्थायी रूपमा राखी राख्नु पटक्कै उचित होइन । समन्वय गर्न र औसत सिकाइ उपलब्धी अस्थायी शिक्षकहरूको बढी भएको तर शिक्षकलाई लामो समयदेखि अस्थायी*

*सेवामा संलग्न गराई राख्दा पेसाको असुरक्षाका कारण अस्थायी शिक्षकमा मनोवैज्ञानिक असर पर्दछ । उनीहरु आफ्नो पेशा प्रति त्यति उत्तरदायि नभएको काममा बाध्यपारि लगाउन असजिलो भएको अलिकति तलमाथि पर्नासाथ आन्दोलन हुनसक्ने वातावरण सृजना भएकाले अस्थायी भनदा स्थायी शिक्षकको संख्या वढी भए आफुलाई काममा सजिलो हुने बताए।*

माथि उल्लेखित भनाईका आधारमा हेर्दापनि शिक्षा अधिकृतले पनि अस्थायी शिक्षकलाई कमजोर,अयोग्य,कामचोर प्रवृतिको ब्यक्तिका रुपमा लिने गरेको महसुस भयो तर यसरि बाध्यात्मक रुपमा अस्थायी हुनुपरेको अबस्थामा शिक्षकको मनोबल अझबढाउनु पर्नेमा यस्तो अबस्था सृजनाहुँदा शिक्षाको स्तरमानै असरपर्न सक्छ । त्यसैले सबै सरोकार वालाहरु मिलि अस्थायी शिक्षकको मनोबल बढाउने कामगर्नु पर्छ ।

**स्थायी र अस्थायी शिक्षकहरूको उत्प्रेरणा सम्बन्धमा प्रधानाध्यापकको धारणा**

विगतको इतिहासलाई हेर्दा नेपालको सामुदायिक विद्यालयहरूमा रिक्त हुन आएका दरबन्दीहरूमा अस्थायी शिक्षकहरूलाई नियुक्ति गरेर शैक्षिक गतिविधिहरू सञ्चालन गरेको पाइन्छ । वर्तमान समयमा त यो अवस्थाअझ बढ्दै गएको छ । सरकारले ल्याएका शिक्षा ऐन तथा नियमावली अस्थायी शिक्षक मैत्री नभएको भन्दै यिनै मुद्दालाई उठाएर प्रत्येक बर्ष अस्थायी शिक्षकहरूले विभिन्न चरणका आन्दोलनहरू सञ्चालन गरेर शैक्षिक क्रियाकलापहरू बेलामौकामा ठप्प पार्दै आएका छन् । शिक्षक सेवा आयोगले आफ्नो क्यालेण्डर अनुसार स्थायी शिक्षकको विज्ञापन गर्न नसक्दा कतिपय शिक्षकहरू त लामो समयदेखि अस्थायी सेवाको रूपमा सेवा गर्दै अवकास समेत हुँदै आएका छन् । यसरी लामो समयदेखि शिक्षकहरूलाई अस्थायी रूपमा शिक्षण पेशामा संलग्न गराई राखु कतिको उपयुक्त कुरो हो भनेर प्रधानाध्यापकहरूलाई सोधिएको प्रश्नमा प्रधानाध्यापकहरूको प्रतिक्रिया यसप्रकार रहेको पाइयो ।

*शिक्षकहरू एकै किसिमको हुनुपर्दछ । अस्थायी र स्थायी हुनुहुँदैन । सबैलाई एकै पटक सेवाआयोगबाट परीक्षा लिएर स्थायी सेवामा लगाउन उपयुक्त हुन्छ । शिक्षकको मनोबल उच्च भएमात्र शिक्षाको स्तरपनि बढ्ने, शिक्षकहरुबिच असल मानव सम्बन्धहुने पेशागत सन्तुष्टी हुने हुदा शिक्षकहरुलाई लामो समयसम्म अस्थायी रुपमाकाममा लगाउनु हुदैन ।*

माथि उल्लेखित प्र.अ. हरुको धारणालाई हेर्दापनि शिक्षकहरूलाई लामो समयसम्म अस्थायी रूपमा राखी राखु पटक्कै उचित होइन । शिक्षकको मनोबल जहिल्यैपनि उच्चनै राखुपर्छ र मात्रसमग्र

शिक्षा प्रणालीमा सुधार आउनसक्छ केहीगरि कोही शिक्षक अस्थायी भएमापनि दोस्रोदर्जाको नागरिकको जस्तो ब्यवहार गर्नु भनै पटक्कै हुदैन ।

**अस्थायी शिक्षकहरूको सम्बन्धमा शिक्षक स्वयम्को टिप्पणी**

शिक्षकहरू आफैंमा उत्तरदायी, जिम्मेवार र कर्तव्यनिष्ठ हुने हो भने विद्यार्थीहरूको शिक्षण क्रियाकलापहरूमा स्थायी र अस्थायी हुनुले कुनै पनि प्रकारको फरक हुदैन । तथापी शिक्षकहरू स्थायी र अस्थायी हुनुले शिक्षण क्रियाकलापहरूमा केहि न केहि प्रभाव परेको पाइन्छ । यस अध्ययन कार्यको अध्ययनसीमा भित्र रहेका शिक्षकहरूमा उनीहरू स्थायी र अस्थायी रहनुले उनीहरूमा रहेको मनोवैज्ञानिक प्रभावले शिक्षण क्रियाकलापमा के कस्तो असर एवम् प्रभाव परेको छ भन्ने विषयमा अध्ययनकार्यलाई अगाडी बढाइएको छ । यसका साथै सरोकारवालाहरुले अस्थायी शिक्षकलाई के गरे, साच्चै उनीहरुप्रतिको दृष्टिकोण नकारात्मक नै छ त, कि उनीहरुलाई सरोकारवालाहरुले अरु शिक्षक (स्थायी) सरह नै ब्यवहार गरेको भन्ने विषयमा जिज्ञासा राख्दा उनीहरुको भनाइ यस्तो रह्यो ।

*लामो समयसम्म पेशागत सुरक्षा बिना अस्थायी रुपमाकाम गर्नुपर्ने अवस्थामा कामगर्न खासैजाँगर नलाग्ने,कहिले छोड्नु पर्ने हो टुङ्गो नहुने, स्थायी शिक्षक, प्र.अ., अभिभावक,विद्यालय ब्यवस्थापन समितिले पनि यि अयोग्य नै हुन भन्ने जस्तो भावना प्रकटगर्नु ऐन नियमहरु बारम्बार परिवर्तन भई रहनुलेगर्दा कहिले पेशाबाट निस्कनुपर्ने हो टुङ्गो नहुनुले गर्दा आफुलाई भित्रैदेखि उत्प्रेरित भिई कामगर्न मननलागेको कुराको जानकारी गराउनु भयो ।*

यसरीमाथी उल्लेखित धारणा लाई अध्ययन गर्दा अस्थायी शिक्षकहरु स्वयम्लाई पनिआफुहरु लामो समयसम्म अस्थायीरुपमानै कामगर्नु पर्दा कार्यसन्तुष्टी नहुने गरेको, काममा भित्रैदेखि उत्प्रेरणा नजागेको र अरुले आफुहरुलाई अयोग्य ठानेजस्तो भावना देखाएकाले सवै शिक्षकहरुलाई छिटो भन्दा छिटो स्थायीगर्ने प्रक्रियामालानु पर्ने देखिन्छ ।

**स्थायी र अस्थायी शिक्षकहरूको योग्यता, अनुभव र तालिम सम्बन्धी विवरण**

शैक्षिक क्रियाकलापहरूलाई कसरी प्रभावकारी बनाउने भन्ने सन्दर्भमा निज शिक्षकहरूको योग्यता, अनुभव र तालिमले प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । यस अध्ययनमा समावेस गरिएका स्थायी र अस्थायी शिक्षकहरू तालिम प्राप्त रहेको , अनुभव कम्तिमा ३ वर्ष देखि १७ वर्ष सम्म र शैक्षिक योग्यता स्नातक र स्नातकोत्तर तह पुरा गरेको पाइयो ।

**स्थायी र अस्थायी शिक्षकको शिक्षण क्रियाकलापसँग सम्बन्धित विवरण**

योजनाबद्ध शिक्षण कार्य शिक्षण सिकाईको एक महत्वपूर्ण पक्ष हो । शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा आवश्यक शिक्षण सामाग्रीहरू प्रयोग गरी दैनिक रूपमा पाठयोजनाको निर्माण

गरी शिक्षण गरेमा शिक्षण सिकाइ क्रियाकलापमा सकारात्मक प्रभाव पर्छ भने दैनिक पाठयोजना निर्माण नगरी र शैक्षिक सामाग्रीको प्रयोग नगरी शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गरेमा शिक्षण सिकाईमा नकारात्मक असर पर्न सक्छ । यहाँ धेरैजसोअस्थायी शिक्षकले पनि योजनाबद्ध शिक्षण गरेको पाइयो ।

**शिक्षण पेशाप्रतिको सन्तुष्टिको सम्बन्धमा शिक्षकको धारणा**

यस अनुसन्धानका क्रममा नमुना छनोटमा परेका विद्यालयहरूका अनुसन्धानमा सहभागी स्थायी र अस्थायी शिक्षकहरूलाई शिक्षण पेसाप्रति कतिको सन्तुष्ट हुनुहुन्छ भन्ने प्रश्नमा गरिएको प्रश्नको जवाफमा प्राप्त धारणाहरूलाई यसप्रकार तलको तालिकामा प्रस्तुत गरिएको छ:

**तालिका १**

*शिक्षण पेसाप्रतिको सन्तुष्टिको सम्बन्धमा शिक्षकको विवरण*

| क्र. स. | शिक्षकको किसिम | सङ्ख्या | पूर्ण सन्तुष्ट | आंशिक रूपमा सन्तुष्ट | सन्तुष्ट छैन |
|---|---|---|---|---|---|
| १. | स्थायी शिक्षक | ४ जना | ३ | १ | ० |
| २. | अस्थायी शिक्षक | | १ | १ | २ |

*स्रोत : स्थलगत अध्ययन, २०८१*

माथिको तालिकामा उल्लेख भएअनुसार शिक्षण पेसाप्रति कतिको सन्तुष्ट हुनुहुन्छ ? भन्ने प्रश्नको उत्तरमा ३ जना स्थायी शिक्षकहरूले पूर्ण सन्तुष्ट छु भन्ने धारणा व्यक्त गर्नुभयो भने अर्कोतर्फ १ जना मात्र अस्थायी शिक्षकले पूर्ण सन्तुष्ट रहेको उत्तर दिनुभयो । त्यस्तै १ जना स्थायी शिक्षक र १ जना अस्थायी शिक्षकले शिक्षण पेसाप्रति आफूहरू आंशिक रूपमा मात्र सन्तुष्ट रहेको बताउनुभयो । शिक्षण पेसाप्रति आफू सन्तुष्ट नरहेको बताउनेमा २ जना मात्र अस्थायी शिक्षक देखिनुभयो । यसरी समग्रमा हेर्दा स्थायी शिक्षकहरू शिक्षण पेसामा बढी सन्तुष्ट देखिएको पाइयो भने अस्थायी शिक्षकहरू यस पेसाप्रति खासै सन्तुष्ट देखिएनन् । यस पेसाप्रति असन्तुष्ट देखिनुको मुख्य कारण भविष्यमा यस पेसाको असुरक्षा रहेको सबैको तर्क पाइयो ।

कार्यसन्तुष्टिले कार्यको मात्रा र दर बढ्छ । कार्यसन्तुष्टि भएमा पेसा परिवर्तन गर्न, समयमा काममा नजाने, बिदा लिने, भाग्ने जस्ता कार्यको मात्रा कम हुन्छ ।(Robbins 2005)कोपुस्तकमा उल्लेख गरेको धारणा यहाँ मेलखाने देखिन्छ ।

**दैनिक पाठयोजना निर्माण सम्बन्धमा शिक्षकको धारणा**

यस अनुसन्धानको क्रममा सहभागी गराइएका शिक्षकहरूलाई तपाईहरू नियमित रूपमा दैनिक पाठयोजना निर्माण गर्नुहुन्छ कि हुदैन भन्ने प्रश्न गरिएको थियो । यस प्रश्नको जवाफमा दैनिक पाठयोजना निर्माण गर्ने या नगर्ने भन्ने शिक्षकहरूको धारणालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २**

*दैनिक पाठयोजना निर्माण सम्बन्धमा शिक्षकहरूको विवरण*

| क्र.सं. | शिक्षकको किसिम | सङ्ख्या | पूर्ण रूपमा बनाउने | आंशिक रूपमा बनाउने | नबनाउने |
|---|---|---|---|---|---|
| १. | स्थायी शिक्षक | ४ जना (१०० %) | — | २ जना (५० %) | २ जना (५० %) |
| २. | अस्थायी शिक्षक | | २ जना (५० %) | १ जना (२५ %) | १ जना (२५ %) |

*स्रोत : स्थलगत अध्ययन, २०८१*

माथिको तालिका २ मा उल्लेख भएअनुसार पूर्ण रूपमा पाठयोजना बनाउने स्थायी शिक्षक कोहि पनि नभएको पाइयो भने आंशिक रूपमा पाठयोजना बनाउने स्थायी शिक्षक २ जना र पाठयोजना नै नबनाई शिक्षण गर्ने स्थायी शिक्षक २ जना रहेको जानकारी प्राप्त भयो । त्यस्तै २ जना अस्थायी शिक्षकहरूबाट पूर्णरूपमा पाठयोजना निर्माण गर्ने गरेको उत्तर पाइयो भने १ जना अस्थायी शिक्षकले आंशिक रूपमा पाठयोजना निर्माण गरी शिक्षण गर्ने गरेको पाइयो र १ जना अस्थायी शिक्षकले पाठयोजना नै नबनाई शिक्षण गर्ने जानकारी प्राप्त भयो ।

दैनिक रूपमा पाठयोजना निर्माण गरी शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्नु शिक्षण सिकाई प्रक्रियाको एउटा महत्वपूर्ण पक्ष हो । यस शोध अध्ययनको क्रममा प्राप्त नतिजा अनुसार दैनिक पाठयोजना निर्माणमा स्थायी शिक्षकको तुलनामा अस्थायी शिक्षक नै बढी अग्रसर रहेको पाइयो । धेरै जसो शिक्षकहरूले दैनिक पाठयोजना निर्माण नगर्नुको मुख्य कारण दैनिक रूपमा बढी घण्टीको कारण समयको अभावले निर्माण गर्न नसकेको जवाफ दिनुभयो भने कतिपय शिक्षकहरूले मानसिक रूपमा नै पाठ शिक्षणको तयारी गरेर आउने भएकाले लिखित रूपमा पाठयोजना बनाइरहनु आवश्यक नरहेको जवाफ दिनुभयो ।

कुनै पनि शैक्षणिक योजना शिक्षण सिकाइको मुटु हो । विना योजनाको शिक्षण कुहिरोको काग जस्तै हुन्छ । शिक्षकले कक्षामा जानुपूर्व नै के पढाउने, किन पढाउने, कसरी पढाउने, के के सामग्री प्रयोग गरी पढाउने, कति पढाउने जस्ता प्रश्नको उत्तर खोज्न आवश्यक छ भन्ने (Sharma, 2004) को *Technological Foundation of Education* को धारणासँग यो प्रतिक्रिया पनि मेल खान्छ।

**स्थायी र अस्थायी शिक्षकहरूका उत्प्रेरणा सम्बन्धमा विद्यार्थीहरूको धारणा**

यस अध्ययन कार्यको क्रममा स्थायी र अस्थायी शिक्षकहरूले विद्यार्थीहरूसँग कक्षाकोठा भित्र र बाहिर गर्ने व्यवहार सम्बन्धी व्यवहार बुझ्न सम्बन्धित विद्यालयका विद्यार्थीहरूसँग गरिएको व्यापक अन्तरक्रिया, छलफल तथा १५ ओटा प्रश्नहरू समावेश गरिएको प्रश्नावलीको प्रयोग गरियो।

यस अध्ययनको क्रममा नमुना छनोटमा परेका ४ ओटा विद्यालयहरूबाट प्रति विद्यालय ४ जनाको दरले जम्मा १६ जना विद्यार्थीहरूबाट कसले पढाएको राम्ररी बुझिने वा नबुझिने भन्ने सम्बन्धमा स्थायी र अस्थायी शिक्षकहरूप्रति प्राप्त व्यक्तिगत धारणाहरूलाई यसप्रकार तलको तालिकामा उल्लेख गरिएको छ:

**तालिका ३**

*शिक्षकले पढाएको राम्ररी बुझिने वा नबुझिने सम्बन्धी विद्यार्थीहरूको विवरण*

| क्र.सं | विद्यार्थीहरूको प्रतिक्रियाको विवरण | स्थायी शिक्षकप्रति धारणा राख्नेको सङ्ख्या | अस्थायी शिक्षकप्रति धारणा राख्नेको सङ्ख्या |
|---|---|---|---|
| १. | धेरै राम्ररी बुझ्छु । | ३ (१८.७५ %) | ६ (३७.५ %) |
| २. | ठिक ठिकै मात्रामा बुझ्छु । | ४ (२५ %) | ५ (३१.२५ %) |
| ३. | कक्षामा बुझेजस्तो हुन्छ , घरमा गएर बिर्सिन्छु । | ६ (३७.५ %) | ३ (१८.७५ %) |
| ४. | खासै राम्ररी बुझ्दन । | ३ (१८.७५ %) | २ (१२.५%) |
| | जम्मा | १६ जना (१०० %) | १६ जना (१०० %) |

*स्रोत: स्थलगत अध्ययन, २०८०*

माथिको तालिकामा उल्लेख भए अनुसार कुन शिक्षकले पढाएको बुझ्न्हुन्छ भन्ने प्रश्नको जवाफमा ३ जना विद्यार्थीहरूले स्थायी शिक्षक र ६ जना विद्यार्थीहरूले अस्थायी शिक्षकले पढाएको बुझ्छु भन्ने प्रतिक्रिया दिए । त्यस्तै ४ जना विद्यार्थीहरूले स्थायी शिक्षक र ५ जना विद्यार्थीहरूले अस्थायी शिक्षकले पढाएको ठिकै बुझ्छु भन्ने प्रतिक्रिया दिए । त्यस्तै ६ जना विद्यार्थीहरूले स्थायी शिक्षक र ३ जना विद्यार्थीहरूले अस्थायी शिक्षकले कक्षामा पढाउँदा बुझेजस्तो हुन्छ तर घरमा गएर बिर्सिन्छु भन्ने जवाफ दिए । ३ जना विद्यार्थीहरूले स्थायी शिक्षक र २ जना विद्यार्थीहरूले अस्थायी शिक्षकले पढाएको खासै राम्ररी बुझिदैन भन्ने जवाफ दिए किनकि अस्थायी शिक्षकलाई तालिमको अभाव, शैक्षिक सामग्रीको प्रयोग नगर्नु,पेशाा अस्थायी भएकाले नैरास्यताको भावना उत्पन्न हुनु,उत्प्रेरणाको कमि तथा स्थायी शिक्षकले उनीहरुलाई हेर्ने दृष्टिकोण पनि फरक भएकाले उनीहरुले योजनावद्ध हिसाबले शिक्षण नगरेको पाईयो भने स्थायीले चाही आफु स्थायी तथा धेरै अनुभवि भएकाले खासै विषय वस्तुको तयारी पनि गर्नु नपर्ने आसयव्यक्त गरेकाले उनिहरुले पढाएको पनि नबुझिने रहेछ ।

समग्रमा विद्यार्थीहरूबाट पाएको जवाफका आधारमा स्थायी शिक्षकको तुलनामा अस्थायी शिक्षकले पढाएको कुरा विद्यार्थीहरूले राम्ररी बुझ्ने गरेको तथ्य देखिन्छ किनकि मुख्यत पेशाागत असुरक्षाको कारणले भोली राम्ररी पढाउननसके सवैले आलोचना गरि जागिरजाने होकि भन्ने प्रकारको भावनाले उनीहरुले सवै विच लोकप्रियता कमाउन पनि धेरै मेहनतका साथउनीहरुले पढाएको पाइयो ।

**शिक्षकको पढाउने कला तथा क्षमता सम्बन्धमा विद्यार्थीहरूको धारणा**

यस अध्ययनको क्रममा नमुना छनोटमा परेका विद्यालयका अनुसन्धानमा संलग्न गराइएका शिक्षकको पढाउने कला तथा क्षमता सम्बन्धमा केहि प्रश्न गरिएको थियो । विद्यार्थीहरूबाट प्राप्त एवम् विद्यार्थीहरूले राखेको विभिन्न धारणाहरूलाई तलको तालिकामा उल्लेख गरिएको छ —

**तालिका ४**

*शिक्षकको पढाउने कला तथा क्षमता सम्बन्धमा विद्यार्थीहरूको धारणा*

| क्र.सं | विद्यार्थीहरूको प्रतिक्रियाको विवरण | स्थायी शिक्षकप्रति धारणा राखेको सङ्ख्या | अस्थायी शिक्षकप्रति धारणा राखेको सङ्ख्या |
|---|---|---|---|
| १. | धेरै राम्रो पढाउनुहुन्छ । | ३ (१८.७५ %) | ७ (४३.७५ %) |
| २. | ठिक ठिकै पढाउनुहुन्छ । | ७ (४३.७५%) | ५ (३१.२५ %) |
| ३. | खासै राम्ररी पढाउनुहुन्न । | ५ (३१.२५ %) | ४ (२५ %) |
| ४. | पढाएको मन पर्दैन । | १ (६.२५ %) | - |
| **जम्मा** | | **१६ जना (१०० %)** | **१६ जना (१०० %)** |

*स्रोत : स्थलगत अध्ययन, २०८१*

माथिको तालिकामा उल्लेख गरिए अनुसार शिक्षकले कस्तो पढाउनुहुन्छ ? भन्ने प्रश्नको जवाफमा ३ जना विद्यार्थीहरूले स्थायी शिक्षक र ७ जना विद्यार्थीहरूले अस्थायी शिक्षकले धेरै राम्रो पढाउनुहुन्छ भन्ने प्रतिक्रिया दिए । त्यस्तै ७ जना विद्यार्थीहरूले स्थायी शिक्षक र ५ जना विद्यार्थीहरूले अस्थायी शिक्षकले ठिकै पढाउनुहुन्छ भन्ने प्रतिक्रिया दिए । त्यस्तै ५ जना विद्यार्थीहरूले स्थायी शिक्षक र ४ जना विद्यार्थीहरूले अस्थायी शिक्षकले कक्षामा खासै राम्ररी पढाउनुहुन्न भन्ने जवाफ दिए र १ जना विद्यार्थीहरूले स्थायी शिक्षकले पढाएको मन पर्दैन भन्ने जवाफ दिए । कुनै पनि विद्यार्थीले अस्थायी शिक्षकले पढाएको मन पर्दैन भन्ने जवाफ दिएनन् । समग्रमा विद्यार्थीहरूबाट पाएको जवाफका आधारमा स्थायी शिक्षकको तुलनामा अस्थायी शिक्षकले पढाएको राम्रो भन्ने कुरा विद्यार्थीहरूको जवाफ प्राप्त भयो ।

शिक्षण सिकाइ कार्यमा शिक्षकको तयारी, लगानी, प्रतिबद्धता, तालिमको उपलब्धता,शैक्षिक सामग्रीको प्रयोग, उत्प्रेरणा, पेशागतकार्य सन्तुष्टी जस्ता कुरा महत्वपूर्ण हुन्छन जसले शिक्षण सिकाइमा प्रत्यक्ष प्रभाव पार्छ। सिकाइको विभिन्न नियम र सिद्धान्तले पनि यो कुरा प्रष्ट गर्दछ ।

## शिक्षकले नियमित रूपमा गृहकार्य दिने र परीक्षण गर्ने सम्बन्धी विद्यार्थीहरूको धारणा

विद्यार्थीको शिक्षण सिकाइको एउटा प्रमुख पाटो गृहकार्य हो । दैनिक रूपमा पाठयोजनाको एउटा महत्वपूर्ण अंश गृहकार्य, विद्यार्थीहरूलाई नियमित रूपमा गराउने र त्यसको नियमित रूपमा परीक्षण पनि गर्ने हो भने विद्यार्थीहरूको सिकाइ प्रक्रियामा निकै प्रभावकारीता आउँछ । यहाँ अध्ययनको क्रममा विद्यार्थीहरूलाई शिक्षकहरूले नियमित रूपमा गृहकार्य दिने र नियमित रूपमा परीक्षण गर्ने वा नगर्ने बारे प्रश्न गरिएको थियो । यस प्रश्नको जवाफमा विद्यार्थीहरूबाट आएको प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरिएको छ —

**तालिका ५**

*शिक्षकले नियमित रूपमा गृहकार्य दिने र परीक्षण गर्ने सम्बन्धी विद्यार्थीहरूको धारणा*

| क्र.सं | विद्यार्थीहरूको प्रतिक्रियाको विवरण | स्थायी शिक्षकप्रति धारणा राख्नेको सङ्ख्या | अस्थायी शिक्षकप्रति धारणा राख्नेको सङ्ख्या |
|---|---|---|---|
| १. | नियमित गृहकार्य दिनुहुन्छ र परीक्षण पनि गर्नुहुन्छ । | ५ (३१.२५ %) | ८ (५० %) |
| २. | नियमित गृहकार्य दिनुहुन्छ तर परीक्षण गर्नुहुन्न । | ४ (२५ %) | ५ (३१.२५ %) |
| ३. | कहिलेकाही गृहकार्य दिनुहुन्छ र कहिलेकाही मात्र परीक्षण गर्नुहुन्छ । | ४ (२५ %) | ४ (२५ %) |
| ४. | गृहकार्य पनि दिनुहुन्न र परीक्षण पनि गर्नुहुन्न । | ३ (१८.७५ %) | १ (६.२५ %) |
| **जम्मा** | | **१६ जना (१०० %)** | **१६ जना (१०० %)** |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिकामा उल्लेख भए अनुसार गृहकार्य दिने र नियमित परीक्षण गर्ने प्रक्रियाको प्रश्नको उत्तरमा ५ जना विद्यार्थीले स्थायी शिक्षक र ८ जना विद्यार्थीले अस्थायी शिक्षकले नियमित गृहकार्य दिने र नछुटाई परीक्षण पनि गर्ने गरेको प्रतिक्रिया दिए । त्यस्तै ४ जना विद्यार्थीले स्थायी शिक्षक र ५ जना विद्यार्थीले अस्थायी शिक्षकले नियमित गृहकार्य दिने गरेको तर परीक्षण गर्ने नगरेको प्रतिक्रिया दिए । अर्कोतर्फ ४ जना विद्यार्थीले स्थायी शिक्षक र २ जना विद्यार्थीले अस्थायी शिक्षकले कहिलेकाहि मात्र गृहकार्य दिने गरेको र कहिलेकाहि मात्र परीक्षण गर्ने गरेको धारणा व्यक्त गरे भने गृहकार्य दिने नगरेको र कहिल्यै पनि परीक्षण नगर्ने ३ जना स्थायी शिक्षक र १ जना

अस्थायी शिक्षक पाइयो । यस प्रश्नको सन्दर्भमा स्थायी र अस्थायी शिक्षकहरूमध्ये गृहकार्य बढी दिने र नियमित परीक्षण गर्नेमा अस्थायी शिक्षकहरू अग्रसर रहेको पाइयो । यसरी आन्तरिक परीक्षा सुधारात्मक तथा निर्माणात्मक हुने भएकोले निर्माणात्मक मूल्याङ्कनलाई जोड दिनुपर्छ ।

**शिक्षकहरूले नियमित एकाइ परीक्षा लिने गरेको बारे विद्यार्थीको धारणा**

अनुसन्धानका क्रममा विद्यार्थीहरूलाई नमुना छनोटमा परेका विद्यालयमा स्थायी/अस्थायी शिक्षकहरूले नियमित रूपमा प्रत्येक एकाइको शिक्षण पश्चात एकाई परीक्षा लिने गरेको वा नगरेको बारे प्रश्न सोधिएको थियो । त्यस प्रश्नको उत्तरमा विद्यार्थीहरूले व्यक्त गरेको धारणालाई तलको तालिकामा देखाइएको छ —

## तालिका ६

*शिक्षकहरूको नियमित रूपमा एकाइ परीक्षा लिने बारे विद्यार्थीको प्रतिक्रियाको विवरण*

| क्र.सं | विद्यार्थीहरूको प्रतिक्रियाको विवरण | स्थायी शिक्षकप्रति धारणा राख्नेको सङ्ख्या | अस्थायी शिक्षकप्रति धारणा राख्नेको सङ्ख्या |
|---|---|---|---|
| १. | नियमित परीक्षा लिनुहुन्छ । | ६ (३७.५ %) | ८ (५० %) |
| २. | कहिलेकाही मात्र परीक्षा लिनुहुन्छ । | ७ (४३.७५ % ) | ६(३७.५ %) |
| ३. | परीक्षा लिनुहुन्न । | ३ (१८.७५ % ) | २(१२.५ %) |
| **जम्मा** | | **१६ जना (१०० %)** | **१६ जना (१०० %)** |

*स्रोत : स्थलगत अध्ययन, २०८१*

माथिको तालिकामा उल्लेख भए अनुसार ६ जना विद्यार्थीले स्थायी शिक्षक र ८ जना विद्यार्थीले अस्थायी शिक्षकहरूले नियमित रूपमा एकाई परीक्षा लिने गरेको कुरा दर्शाए भने ७ जना विद्यार्थीले स्थायी र ६ जना विद्यार्थीले अस्थायी शिक्षकहरूले कहिलेकाहीँ मात्र एकाई परीक्षा लिनेकुरा व्यक्त गरे । त्यस्तै ३ जना विद्यार्थीले स्थायी शिक्षक र २ जना विद्यार्थीले अस्थायी शिक्षकहरूले एकाइ परीक्षा नै नलिने गरेको व्यक्तिगत धारणा दिए । समग्रमा विद्यार्थीहरूले एकाई परीक्षा लिने सम्बन्धमा अस्थायी शिक्षकप्रति राखेको धारणा बढी प्रभावकारी देखियो ।

## निष्कर्ष

सामुदायिक विद्यालयका अस्थायी शिक्षकहरूप्रति सरोकारवलाहरूको धारणासम्बन्धी गरिएको यस अध्ययनमा समावेश भएका सामुदायिक विद्यालयमा शिक्षण गर्ने स्थायी र अस्थायी शिक्षक बीच तुलना गरिएको छ ।छनोटमा परेका सामुदायिक विद्यालयहरूका प्रधानाध्यापकहरूद्वारा शिक्षकहरूलाई

लामो समयसम्म अस्थायी पदमा राख्न नहुने कुरामा सहमत देखिएका छन् । कतिपय शिक्षकहरूलाई आफू स्थायी भएपछि भविष्यको पेशागत सुनिश्चितताको कारणले गर्दा अहम भावनाको विकास भई शिक्षण सिकाइ कार्यमा असर पर्ने देखिन्छ । विद्यालयभित्र स्थायी र अस्थायी शिक्षकहरूले अन्य शिक्षक तथा प्रधानाध्यापकसँग गर्ने व्यवहारमा कुनै अन्तर छैन बरु यो त व्यक्ति विशेषमा भर पर्ने कुरा हो ।

वर्तमान समयमा स्थायी शिक्षकहरूको सङ्ख्या भन्दा अस्थायी शिक्षकहरूको सङ्ख्या बढी रहेको छ । साधारणतया स्थायी शिक्षकहरूमा अस्थायी शिक्षकहरूको भन्दा शिक्षण अनुभव बढी बर्ष रहेको

छ । विद्यालयको प्रशासनिक पक्षले स्थायी शिक्षकहरू भन्दा अस्थायी शिक्षकहरूलाई बढी कार्यभार वितरण गरेको छ । अस्थायी शिक्षकहरूले आफ्नो पेशागत भविष्य असुरक्षाको कारणले पनि शिक्षण कार्यको साथसाथै शैक्षिक योग्यता बढाएर अन्य पेशाप्रति पनि बढी जसो ध्यान दिने गरेका छन् । विद्यार्थीहरूको परिक्षाको नतिजालाई हेर्दा स्थायी शिक्षकभन्दा अस्थायी शिक्षकले शिक्षण गर्ने विषयमा विद्यार्थीहरू बढी प्रतिशत उत्तिर्ण भएको देखिन्छ । स्थायी शिक्षकहरूले भन्दा अस्थायी शिक्षकहरूले पढाएका विद्यार्थीहरू बढी राम्रो प्राप्ताङ्कका साथ उत्तिर्ण भएका छन् । यस सन्दर्भमा स्थायी भन्दा अस्थायी शिक्षकहरू शिक्षण सिकाइ कार्यमा बढी उत्प्रेरित देखिएका छन् । स्थायी शिक्षकभन्दा अस्थायी शिक्षकहरूले शिक्षण गरेका विद्यार्थीहरूको औसत प्राप्ताङ्क उच्च रहेको छ । स्थायी भन्दा अस्थायी शिक्षकहरूले शैक्षिक योग्यता पनि बढाउने कोशिस गर्ने हुँदा उनीहरूमा विषयबस्तुको ज्ञानको पर्याप्तता पनि बढी रहेको देखिन्छ । धेरै जसो अस्थायी शिक्षकहरू युवा र सक्रिय भएको हुँदा विद्यालयमा संचालन हुने अतिरिक्त क्रियाकलापमा उनीहरू नै बढी सक्रिय देखिने गरेका छन् । विद्यालयभित्र पालना गर्नुपर्ने विभिन्न काम, कर्तव्य तथा नियमितताको सवालमा स्थायी र अस्थायी शिक्षकहरूमा खासै फरक नदेखिए पनि कुनै पक्षमा स्थायी शिक्षक र कुनै पक्षमा अस्थायी शिक्षक बढी संवेदनशील देखिन्छन् । धेरैजसो अस्थायी शिक्षकहरू शिक्षण कार्यमा राम्रो गर्ने प्रयास गरी रहने हुँदा उनीहरूले शिक्षण गर्ने गरेका विषयबस्तु विद्यार्थीहरूले राम्रोसँग बुझ्ने गरेको पाइन्छ ।

सबैजसो शिक्षकहरूले प्रायः गृहकार्य दिने तर नियमित रूपमा परीक्षण गर्ने सवालमा सन्तोषजनक स्थिति देखिदैन । सबैजसो शिक्षकहरूले नियमित रूपमा एकाई परीक्षा लिने गरेको पाइदैन । अस्थायी शिक्षकहरूलाई आफु अस्थायी भएको हुदा भविष्यमा पेशागत असुरक्षाको कारणले पिरोलेको पाइन्छ । सबै स्थायी तथा अस्थायी दुवै किसिमको शिक्षकहरू नियमित रूपमा पाठयोजना बनाउने गरेको पाइएन । शैक्षिक सामाग्रीको निर्माणको सवालमा पनि शिक्षकहरूको खासै सन्तोषजनक स्थिति देखिएन तर कक्षाकोठामा शिक्षणका बेला थोरै भएपनि बजारमा निर्माण भएका सामाग्रीको प्रयोग गरेर शिक्षण गर्ने प्रयास अस्थायी शिक्षकहरूले गरेको पाइन्छ ।कक्षा शिक्षणका बेला दुवै प्रकारका शिक्षकहरूले उचित शिक्षण विधिको प्रयोग गरे तापनि विद्यार्थीहरूलाई अगाडि बोलाएर शिक्षण कार्यमा सहभागी गराउने गरेको पाइएन।

समग्रमा के भन्न सकिन्छ भने स्थायी शिक्षकहरू भन्दा अस्थायी शिक्षकहरू यस अध्ययन कार्यको क्रममा धेरैंजसो पक्षमा अगाडि देखिएका छन् तर केही पक्षमा स्थायी शिक्षकहरूको अवस्था पनि राम्रो रहेको छ सामुदायिक विद्यालयका अस्थायी शिक्षकहरु प्रति सरोकारवालाको धारणा शीर्षकको यस अध्ययन कार्यमा अध्ययनका लागि छनोट गरिएको क्षेत्रमा स्थायी शिक्षकहरू भन्दा अस्थायी शिक्षकहरूको शैक्षणिक क्रियाकलाप, शैक्षिक उपलब्धि, कक्षा व्यवहार, विषयवस्तुको पर्याप्तता आदिको अवस्था तुलनात्मक रूपमा राम्रो देखिएकाले स्थायी भन्दा अस्थायी शिक्षकहरू सिकाई कार्यमा बढी उत्प्रेरित देखियो तर यसको अर्थ स्थायी शिक्षकलाई पनि अस्थायी गराउनुपर्छ भन्ने होइन कि बरु स्थायी शिक्षकहरूले आफूमा रहेका कमी कमजोरीहरूलाई संसोधन र सुधार गरेर अगाडि बढ्नु पर्ने देखिन्छ ।

**सुझाबहरु**

नमुना छनोटमा परेका सार्वजानिक माध्यमिक विद्यालयहरूमा सञ्चालन गरिएको अध्ययनकार्यको क्रममा उपलब्ध आवश्यक तथ्याङ्कहरूको व्याख्या, विश्लेषण गरी स्थायी र अस्थायी शिक्षकमा देखिएको उत्प्रेरणाको आवश्यकता परिपूर्ति गर्नका लागि मुख्य प्राप्ति र निष्कर्षका आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छन् ।

धेरैजसो अस्थायी शिक्षकहरू आफू अस्थायी भएकोमा बढी नै चिन्तित देखिएकाले शिक्षण सिकाइ क्रियाकलापमा यसले पार्न सक्ने मनोवैज्ञानिक असरलाई काम गर्न कोशिस गर्नु पर्दछ । राज्यले शिक्षण पेसामा संलग्न व्यक्तिहरूको पेसागत विविधतालाई यथासक्य समाधान गर्नुपर्दछ र पेसाको ग्यारेन्टी लिनुपर्ने देखिन्छ । नेपाल सरकारको विभिन्न पेसामा संलग्न व्यक्तिहरूलाई लामो समयसम्म अस्थायी राख्ने नीति तर्कसंगत नभएकोले पेसाको स्थायित्वप्रति सरकारको प्रष्ट नीति सार्वजानिक हुनु आवश्यक देखिन्छ । शैक्षिक सामाग्रीको निर्माण तथा प्रयोगको सवालमा सन्तोषजनक नदेखिएकाले यस सम्बन्धमा सबै शिक्षकहरू संवेदनशील हुनुपर्दछ । विषयगत शैक्षिक सामाग्रीहरूको निर्माणका लागि शिक्षकहरूलाई छुट्टै तालिमको व्यवस्था गनुपर्ने देखिन्छ । शिक्षकहरूको कक्षा शिक्षणको नियमित अनुगमन तथा सुपरीवेक्षणको कार्यलाई प्रभावकारी बनाई उचित दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

शिक्षकहरूले कक्षाशिक्षण गर्दा विद्यालयका प्रधानाध्यापकले नियमित रूपमा कक्षा अवलोकन गर्ने र शिक्षकहरूलाई पृष्ठपोषण प्रदान गर्नुपर्दछ । यसका लागि प्रधानाध्यापकहरूलाई छुट्टाछुट्टै विषयको कक्षा अवलोकन कसरी गर्ने भन्ने कुराको वैज्ञानिक तरिकाले तालिमको व्यवस्था गर्नुपर्दछ । प्रायः सबै शिक्षकहरूले दैनिक रूपमा पाठयोजना बनाएर शिक्षण गर्ने गरेको पाइएन । पाठयोजनाको आधारमा शिक्षण गर्दा शैक्षिक उपलब्धीहरू उच्च हुने कुरा संसारभरी प्रमाणित भइसकेको छ । त्यसैले सबै शिक्षकहरूले नियमित रूपमा दैनिक पाठयोजना बनाउने र यथार्थ रुपमा कार्यान्वयन गर्नुपर्दछ । पाठयोजना निर्माण गर्ने सम्बन्धमा शिक्षकहरूलाई अध्यावधिक तालिमको व्यवस्था गर्नुपर्दछ । प्रायजसो शिक्षकहरूले नियमित रूपमा गुहकार्य नदिने र नियमित रूपमा परीक्षण नगर्ने

देखिएकाले यस सम्बन्धमा सबै शिक्षकहरू कटिबद्ध भई यस कार्यलाई नियमितता दिनुपर्दछ । शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरूको सक्रियता अलि कम देखिएकाले सबै शिक्षकहरूले विद्यार्थी केन्द्रित विधिहरूको बढी प्रयोग गर्नुपर्ने देखिन्छ ।

यसरी स्थायी शिक्षकको तुलनामा अस्थायी शिक्षकको शिक्षण सिकाइको मात्रा, दर र गुणस्तर बढी देखिएको अध्ययनको क्रममा अस्थायी शिक्षकलाई पनि प्रक्रिया पुरा गरी स्थायी गरिनु पर्छ । स्वतः स्थायी गर्ने प्रक्रिया भने अपनाउनु हुँदैन । स्थायी र अस्थायी शिक्षकको विभेद अन्त्य गरी मुलुकभरी एकै प्रकारको शिक्षक राख्ने नीतिगत व्यवस्था गर्नुपर्छ । अस्थायी शिक्षकहरु पनि स्थायी भएपछि शैक्षिक प्रतिवद्धतामा कमि आउन सक्ने भएकोले निरीक्षण, अनुगमन, कक्षा अवलोकन, दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्छ । सामुदायिक विद्यालयमा अस्थायी शिक्षकहरुप्रति सरोकारवाला व्यक्ति तथा संस्थाको सकारात्मक धारणा हुनु जरुरी देखिन्छ ।

## सन्दर्भग्रन्थ सूची


कोइराला, विद्यानाथ, श्रेष्ठ, चन्द्रबहादुर र शर्मा,गोपिनाथ (२०७१), *शैक्षिक व्यवस्थापन रसंगठनात्मक व्यवहार,* : विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले, बासुदेव,श्रेष्ठ,चन्द्रबहादुर र सिन्हा, रामस्वरुप (२०६४), *शैक्षिक योजना,*विद्यार्थी पुस्तक भण्डार

ढुङ्गाना, जीवन (२०७५), *शिक्षा र विकास,* पिनाकल पब्लिकेशन प्रा.ली.।

लुईटेल, रमेश (२०६६), *नेपालको आधुनिक शैक्षिक सामान्य ज्ञान,* पिनाकल पब्लिकेशन प्रा.ली.।

शर्मा, गोपीनाथ (२०७२), *नेपालमा शिक्षाको इतिहास* (भाग–१) मकालु प्रकाशन गृह ।

शर्मा, चिरञ्जिवी र शर्मा निर्मला (२०६०), *शिक्षाको दर्शनशास्त्रीय र दर्शनशास्त्रीय आधार,* एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

श्रेष्ठ, चन्द्रबहादुर (२०७६), *शैक्षिक सुपरिवेक्षण,* विद्यार्थी प्रकाशन प्रा.लि. ।

श्रेष्ठ, चन्द्रबहादुर (२०८१), *शैक्षणिक योजना र व्यवस्थापन,* भुडिपुराण प्रकाशन ।

श्रेष्ठ, चन्द्रबहादुर र बस्न्यात, संझना (२०७५), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* भुडिपुराण प्रकाशन ।

Chauhan. S.S. (2000). *Advance Educational Psychology*. Vikash Publishing House Pvt. Ltd.

Duran. Pravin (2010*). Humana Resource Management*: PEARSON, India.

Robbins, S.P. (2005). *Organizational Behavior (10th edition).*: PEARSON, India.

Stoner, Jame, Freeman. Edward, Gilbert. J.R. (2009). *Management*, PEARSON,

Sharma. R.A. (2004), *Technological Foundation of Education,* R. Hall Book Depot, Meerut.